## पुरस्कारको व्यवस्था

**१. कर प्रशासनलाई कस्तो कस्तो सहयोग गरेमा पुरस्कार पाउन सकिन्छ ?**

कुनै व्यक्तिले आफ्नो करको दायित्व छलेको वा छल्ने कोशिस गरेको प्रमाण सहितको सूचना दिई कर प्रशासनलाई सहयोग गरेमा पुरस्कार पाउन सकिन्छ ।

**२. मेरो सहयोगले आन्तरिक राजस्व कार्यालयले गरेको राजस्वअसुलीको कति प्रतिशत रकम मैले पुरस्कार पाउँछु ?**

तपाईको सूचनाको आधारमा असूल उपर गरिएको करको रकम मध्ये तपाईले पेश गरेको प्रमाणको आधारमा थप असुल भएको कर रकमको २० प्रतिशत बराबरको रकम पुरस्कार पाउन सक्नु हुन्छ । पुरुस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा पुरुस्कारको रकम समानुपातिक रुपमा दिइनेछ ।

**३. कर छली सम्बन्धी सूचना दिई पुरस्कार पाउन मैले के के कागज पेश गर्नु पर्दछ ? के मैले आफ्नो नाम थाहा नदिई सांकेतिक चिन्ह प्रयोग गर्न सक्दछु ?**

कर छली गरेको प्रमाणित हुने यथार्थ र वास्तविक कागजात तपाईले पेश गर्नुपर्दछ । आफ्नो नाम नदिई सांकेतिक चिन्ह प्रयोग गरेर पनि कर छलिको सूचना दिन सक्नु हुन्छ । यस्तो प्रकारका सांकेतिक सूचना गोप्य तबरले तपाईको स्पष्ट हुने गरी अधिकार प्राप्त अधिकारी समक्ष पहिले नै उल्लेख गर्नु पर्दछ ।

**४. पुरस्कार पाउन निवेदन दिएको कति दिनभित्र कहाँबाट मैले पुरस्कार पाइसक्छु ?**

पुरस्कार पाउने निश्चित समय बारे स्पष्ट कानूनी व्यवस्था छैन । सामान्यतया सूचनाको आधारबाट छलि भएको कर रकम असूल उपर भएपछि पुरस्कार पाउन सक्नु हुन्छ ।

**५. समयमा पुरस्कार पाउन सकिन भने मैले कहाँ उजूरी गर्नु पर्दछ ?**

कर निर्धारण भई असुल उपर भएपछि पनि पुरस्कार पाउन सक्नु भएन भने आन्तरिक राजस्व विभागको महानिर्देशक वा अर्थ मन्त्रालयमा उजुरी गर्न सक्नु हुन्छ । कानून अनुसार आफूलाई पुरस्कार नदिएको भनी अदालत समक्ष पनि निवदेन दिन सकिन्छ । यस्तो व्यवस्थाको कार्यान्वयन गर्न बिभागले अग्राधिकार दिने गर्दछ ।